# गाई प्रवर्द्धन कार्यक्रम सञ्चालन
# कार्यविधि, २०७५

प्रदेश सरकार

प्रदेश नं. ३

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## हेटौंडा, नेपाल

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# गाई प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

**प्रस्तावनाः** प्रदेश सरकारको आ.व.०७५/०७६ को स्वीकृत वार्षिक वजेट तथा कार्यक्रममा गाई प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न वजेटको व्यवस्था भएको र पशुपालक कृषकलाई गाईपालन व्यवसायमा आकर्षित बनाई दूध उत्पादन र उत्पादकत्वमा बृद्धि गर्नुको साथै यस प्रदेशलाई दूधमा आत्मनिर्भर बनाउनको लागि मन्त्रिपरिषदबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "गाई प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रिपरिषदबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा-

(क) "कार्यविधि" भन्नाले गाई प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले प्रदेश सरकारको बजेटमा व्यवस्था भएको गाईपालन व्यवसाय प्रवर्द्धन कार्यक्रम सम्बन्धी स्वीकृत वार्षिक कार्यक्रम सम्झनु पर्छ ।

(ग) "कार्यालय" भन्नाले भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(घ) "कार्ययोजना" भन्नाले पशु उत्पादन वृद्धि गर्न गाईपालन कार्यक्रम सञ्चालनको लागि तयार गरिएको संक्षिप्त व्यावसायीक कार्ययोजना सम्झनु पर्छ ।

(ङ) "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(च) "प्रदेश" भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ज) "मूल्याङ्कन समिति" भन्नाले यस कार्यविधिको दफा ४ अनुसार गठित समिति सम्झनु पर्छ ।

(झ) "विपन्न सदस्य" भन्नाले सम्बन्धित समूहको माग बमोजिम सम्बन्धित स्थानीय तहले विपन्न हो भनि सिफारिस गरेको सदस्य सम्झनु पर्छ।

(ञ) "साझेदार संस्था" भन्नाले गाईपालक कृषक समूह सम्झनु पर्छ।

३. **उद्देश्यः** गाई प्रवर्द्धन कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहनेछः-

(क) व्यावसायीक रुपमा गाईपालन गरी दूध तथा दुग्धजन्य पदार्थहरुको उत्पादन वृद्धि गर्दै पारिवारिक पोषण सुधारमा सहयोग गर्ने,

(ख) स्वदेशमा स्वरोजगारका अवसरहरु सृजना गरी युवाहरु विदेशिने क्रम न्यूनीकरण गर्न सहयोग पुऱ्याउने,

(ग) प्रदेश नम्बर तीनलाई दूध तथा दुग्धजन्य पदार्थमा आत्मनिर्भर बनाउने ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## परिच्छेद -२

## संस्थागत व्यवस्था

४. **मूल्याङ्कन समितिः** (१) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतिका लागि सिफारिस गर्ने कार्यालयमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भए बमोजिमको मूल्याङ्कन समिति रहने छ ।

(२) मूल्याङ्कन समितिमा मन्त्रालयको एक जना विज्ञ अधिकृत प्रतिनिधि अनिवार्य राख्नुपर्नेछ।

(३) प्रचलित कानुनमा व्यवस्था भए बमोजिम अतिरिक्त मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) मूल्याङ्कन समितिले आवश्यकता अनुसार मूल्याङ्कन तथा अन्य मापदण्डहरु तयार गरी स्वीकृतिका लागि कार्यालयमा पेश गर्ने,

(ख) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु तोकिएको मापदण्ड बमोजिम मूल्याङ्कन गरी स्वीकृतिका लागि कार्यालयमा पेश गर्ने ।

५. **अनुगमन तथा मूल्याङ्कनः** (१) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, दफा ४ बमोजिमको समिति, निर्देशनालय र कार्यालयले आवश्कता अनुसार गर्नेछ । सोको प्रतिवेदन निर्देशनालय र मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(२) यस कार्यक्रमको अनुगमन सम्बन्धित क्षेत्रको प्रदेश सभा सदस्य र जिल्ला समन्वय समितिले गर्न सक्नेछ ।

## परिच्छेद -३

## कार्यक्रम सञ्चालन प्रक्रिया

६. **कार्यक्रम सञ्चालनः** यो कार्यक्रम मन्त्रालयले तोकेको पाँच जिल्लामा गाईपालक कृषक समूह मार्फत सञ्चालन गरिनेछ । समूहमा दश जना सदस्य रहने छन्। प्रत्येक सदस्यहरुले कम्तीमा तीन वटा दुहुना गाईपालन गर्ने गरी कार्ययोजना छुट्टाछुट्टै तयार गरी संयुक्त रुपमा पेश गर्नु पर्नेछ। तर स्वलगानी गर्न नसक्ने विपन्न सदस्यको हकमा उल्लेखित व्यवस्था लागू हुने छैन । समूह सम्बन्धित निकायमा अनिवार्य रुपमा दर्ता भएको हुनु पर्नेछ ।

७. **प्रस्ताव आह्वानः** यो कार्यक्रममा सहभागी हुन ईच्छुक साझेदार संस्थाले उन्नत गाई फार्म सञ्चालन र सुदृढीकरण गर्नका लागि संक्षिप्त व्यावसायीक कार्ययोजना सहित प्रस्ताव पेश गर्न पन्ध्र दिनको अवधी दिई सम्बन्धित जिल्लाका स्थानिय पत्र पत्रिका तथा रेडियो वा राष्ट्रिय दैनिक पत्रिकामा अनुसूची-१ बमोजिम मन्त्रालयले सूचना प्रकाशन गर्नेछ ।

८. **प्रस्ताव दर्ताः** दफा ७ बमोजिमको समय अवधी भित्र अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन एवं कागजातहरु र अनुसूची-३ बमोजिमको ढाँचामा कार्ययोजना तयार गरी कार्यालयमा प्रस्ताव दर्ता गर्नु पर्नेछ।

९. **साझेदार संस्थाको छनौटः** दफा ४ बमोजिम गठित मूल्याङ्कन समितिले अनुसूची-४, बमोजिम मूल्याङ्कनका आधारमा समुहले प्राप्त गरेको प्राप्ताङ्कलाई सिल्सिलेवर क्रममा कम्पाईल गरी कार्यालयमा स्वीकृतार्थ सिफारिस गर्नेछ । सोही आधारमा कार्यालयले प्रस्ताव स्वीकृत एवं समूह छनौट गर्नेछ ।

१०. **प्रस्तावकलाई जानकारीः** कार्यालयले संक्षिप्त व्यावसायीक कार्ययोजना छनौट भएको साझेदार संस्थाहरुलाई निर्णय भए लगत्तै जानकारी गराउनु पर्नेछ ।

११. **सम्झौताः** (१) प्रस्ताव स्वीकृत भएका सझेदार संस्थाले जानकारी प्राप्त गरेको पन्ध्र दिन भित्र अनुसूची-५(क) र अनुसूची-५(ख) अनुसार सम्झौता गर्नेछ।

(२) उपदफा (१) बमोजिमको समयसिमा भित्र सम्झौता गर्न नआएमा क्रमश दोस्रो र तेस्रो प्राथमिकतामा रहेका साझेदार संस्था संग सम्झौता गर्न सकिनेछ ।

(३) रितपूर्वकको एकमात्र प्रस्ताव दर्ता हुन आएमा छनौट गरि सम्झौता गर्न बाधा पर्ने छैन।

(४) उपदफा (२) बमोजिम सम्झौता गर्न नआएमा वा रितपूर्वक कुनै पनि प्रस्ताव पर्न नआएमा मन्त्रालयले पुनः सूचना प्रकाशन गर्नेछ।

## परिच्छेद -४
## आर्थिक पक्ष

१२. अनुदान रकम सम्बन्धित समूहमा आवद्ध सदस्यको बैंक खातामा जम्मा हुने गरी दुई किस्तामा उपलब्ध गराइने छ प्रथम किस्ता बापत रकम प्राप्त गर्न कम्तीमा कार्ययोजनाको पचास प्रतिशत कार्य सम्पन्न भएको र सो को बिल भरपाई अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

१३. समूहका सदस्यले प्राप्त गर्ने अनुदान र स्वलगानीको विवरण: (रु. हजारमा)

| क्र.सं. | कार्यक्रम | अनुदान | स्व लगानी | जम्मा |
|---|---|---|---|---|
| १. | गोठ निर्माण(गोठ निर्माण गर्दा भूंई पक्की, नाली बनाई मुत्र सङ्कलन, १० फिट पर कच्ची गोबर पिट, घास राख्ने ठाँउ निर्माण) | ८० | २४ | १०४ |
| २. | भूंई तथा डालेघाँस खेती व्यवस्थापन | ३० | ९ | ३९ |
| ३. | पानी टयाङ्की, ह्विल ब्यारो, चौडाकार सावेल, पाईप खरिद, एस.एस.मिल्क क्यान खरिदका लागि | ३५ | १० | ४५ |
| ४. | सरसफाई व्यवस्थापन गर्ने सेट (गम्बुट, रवर ग्लोव, एप्रोन, गोबर उठाउने प्यान, टिट डिपिङ्ग किट, काउ म्याट, ग्रुमिङ्ग ब्रस) | २५ | ८ | ३३ |

| | | | | |
|---|---|---|---|---|
| ५ | गाई खरिद | ८० | २४ | १०४ |
| | जम्मा | २५० | ७५ | ३२५ |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

१४. कार्यालयबाट सञ्चालन हुने कार्यक्रमः (रकम रु. हजारमा)

| सि.नं. | क्रियाकलापहरु | रकम |
|---|---|---|
| १. | गाई ढुवानी | २० |
| २. | अनुगमन, मूल्याङ्कन | ७५ |
| | जम्मा | ९५ |

१५. कार्यालयबाट दिईने कुल अनुदान रकमको तीन प्रतिशत कन्टेन्जेन्सी वापत कट्टा गरिने छ। उक्त रकम अनुगमन, प्रतिवेदन तयारी, बैठक खर्च तथा अन्य प्रशासनिक कार्यको लागि कार्यालयले खर्च गर्ने छ ।

१६. **प्रगति पठाउने प्रक्रियाः** (१) गाईपालन गर्ने साझेदार संस्थाले मासिक रुपमा प्रगति प्रतिवेदन कार्यालयमा तोकिएको ढाँचामा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन चौमासिक तथा वार्षिक रुपमा कम्पाईल गरी कार्यालयले निर्देशनालय र मन्त्रालयमा पठाउनु पर्नेछ।

१७. **विशेष प्राथमिकताः** (१) पिछडिएको क्षेत्र तथा समुदाय, विपन्न सदस्य, विदेशबाट फर्केका युवा कृषकलाई विशेष प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन अन्य संघीय तथा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाहरुसँग समन्वय गरी तादाम्यता कायम गर्दै दोहोरोपना नहुने गरी एकिकृत रुपमा कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

१८. **कारबाहीको व्यवस्थाः** (१) सम्झौता अनुरुप काम नगर्ने साझेदार संस्थालाई कार्यालयले अनुदान रोक्का गर्नेछ ।

(२) साझेदार संस्थाले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा त्यस्ता संस्थाबाट दश प्रतिशत जरिवाना सहित अनुदान रकम असुल उपर गरिनेछ।

१९. **संशोधनः** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

२०. **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची -१

(दफा ७ सँग सम्बन्धित)

**गाई प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि संक्षिप्त व्यावसायीक कार्ययोजना आव्हान सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मितिः ................**

आ.ब. ............ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार गाई प्रवर्द्धन कार्यक्रमको माध्यमबाट स्वरोजगार श्रृजना गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक गाईपालक कृषक समूहबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावक समूहले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र तपसिल अनुसारका कागजातहरु सहित तोकिएको ढाँचा अनुसारको आवेदन सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा दर्ता गर्नु पर्नेछ । साथै बिगत दुई आर्थिक वर्षसम्म साविकको जिल्ला पशु सेवा कार्यालयबाट गाईपालन सम्बन्धित कुनै पनि नगद वा वस्तुगत अनुदान सहयोग लिई सकेका समुहहरु छनौट प्रकृयामा समावेश हुने छैनन् । विदेशबाट फर्केका युवाहरुलाई विशेष ग्राह्यता दिइने छ ।

**तपसिलः**

१. रुपैंयाँ दशको हुलाक टिकट टाँस गरेको अनुसूची-२ अनुसारको आवेदन-पत्र,
२. अनसूची-३ अनुसारको संक्षिप्त व्यावसायीक कार्ययोजना,
३. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी,
४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदि) को प्रतिलिपीहरु,
५. समूह सम्बन्धित निकायमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी,
६. बैदेशिक रोजगारबाट फर्केका कृषकहरुको हकमा पासपोर्टको प्रतिलिपी,
७. समूहमा आवद्ध कुनै सदस्य विपन्न भएमा सम्बन्धित स्थानीय तहले गरेको सिफारिस-पत्र,
८. कार्यक्रम सञ्चालन गर्ने स्थलको फोटो,
९. साझेदार संस्थाले प्रत्येक समूह सदस्यको छुट्टाछुट्टै कार्ययोजना सकंलन गरी सो को कमक्पाइलेशन एकमुष्ठ रुपमा पेश गर्नु पर्नेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -२

(दफा ८ सँग सम्बन्धित)

## गाई प्रवर्द्धन सम्बन्धित कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन-पत्र

मितिः ... ... ... ... ...

श्री भुमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय,
प्रदेश नं.३, हेटौंडा ।

विषयः- गाई प्रवर्द्धन कार्यक्रममा लागत साझेदारी गर्ने बारे ।

महोदय,

हामीलाई गाई प्रवर्द्धन कार्यक्रम अनुदान सहयोग प्राप्त गरी ... ... ... ... ... ... कार्य गर्न तिव्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गरेका छौं। हामीले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रक्रिया अनुसार सम्बन्धित जिल्ला भित्रै रही कार्य गर्नेछौं भनि यो संक्षिप्त व्यावसायिक कार्ययोजना र आवश्यक कागजातहरु यसै साथ संलग्न गरी यो निवेदन गरिएको व्यहोरा अनुरोध छ ।

**तपसिलः**

१. अनुसूची-३ अनुसारको संक्षिप्त व्यावसायीक कार्ययोजना,
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
३. समूह सम्बन्धित निकायमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी,
४. अन्य प्रमाणित प्रमाण-पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौता पत्र आदि) का प्रतिलिपी,
५. वैदेशिक रोजगारबाट फर्केका युवाहरुको हकमा पासपोर्टको प्रतिलिपी,
६. पर्यावरणीय असरको न्यूनीकरण गर्ने उपाय र जैविक सुरक्षा सम्बन्धि विवरण,
७. समूहका सदस्यहरुको संक्षिप्त व्यावसायीक कार्ययोजना पेश गर्ने र कार्ययोजना छनौट भएमा सञ्चालन गर्ने प्रतिवद्धता-पत्र,
८. कार्यक्रम सञ्चालन गर्ने स्थलको फोटो ।

निवेदकको

नामः

दस्तखतः

पदः

समूह/व्यक्तिः

ठेगानाः

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -३

(दफा ८ सँग सम्बन्धित)

## गाई प्रवर्द्धन कार्यक्रमको संक्षिप्त व्यावसायीक कार्ययोजना

१. व्यावसायीक फार्मको नामः सम्पर्क नं.

२. ठेगानाः ....... गाउँ/टोल ........ वडानं. ..... पालिका ........... जिल्ला ................
गाईपालन गरिने स्थानः ................

३. व्यावसायीक गाईपालनका लागि सञ्चालन गरिने कार्य विवरणः (रु. हजारमा)

| क्र.सं. | कार्यक्रम | अनुदान | आफ्नो लगानी | जम्मा |
|---|---|---|---|---|
| १ | गोठ निर्माण(गोठ निर्माण गर्दा भुई पक्की, नाली बनाई मुत्र सङ्कलन, १० फिट पर कच्ची गोबर पिट, घास राख्ने ठाँउ समेत निर्माण) | | | |
| २ | भूंई तथा डालेघाँस खेती व्यवस्थापन | | | |
| ३ | पानी टयाङ्की, ह्लिल ब्यारो, चौडाकार सावेल, पाईप, मिल्क क्यान खरिद | | | |
| ४ | सरसफाई व्यवस्थापन गर्ने सेट(गम्बुट, रवर ग्लोव, एप्रोन, गोबर उठाउने प्यान, टिट डिपिङ्ग किट, ग्रुमिङ्ग ब्रस) | | | |
| ५ | गाई खरिद | | | |
| ६ | जम्मा | | | |

४. गाईपालन सम्बन्धी कार्य गर्ने व्यवसायीले उल्लेखित अनुदान रकम अनुसारको रकम संक्षिप्त व्यावसायीक कार्ययोजनामा समावेश गर्नु पर्नेछ ।

५. गाईपालन गरेको भए, विगत कति वर्षदेखि गाईपालन निरन्तर गरिहेको वा कुन व्यवसाय गरिहेको ?
वर्ष .........महिना ............
गाईको जातः .......
गाईको संख्याः ......
साँढे/वहरको संख्याः ......
गोरुको संख्याः ......

६. व्यवसायको संषिप्त परिचय वा गाईपालन पद्धतिः

७. घाँस खेती गरेको/गरिने क्षेत्रफलः

८. कति उत्पादन वा बिक्रि वितरण गरेको:

९. घाँसको किसिम कहाँबाट ल्याएको:

१०. कसलाई बिक्री गरेको:

११. डाले घाँसको किसिम र संख्या:

१२. व्यवसायको लागि श्रमको व्यवस्थापन:

क) पारिवारिक महिला संख्या: ...... पुरुष संख्या: ..........

ख) बाहिरबाट महिला संख्या: ....... पुरुष संख्या: ...........

ग) जम्मा महिला संख्या: ........... पुरुष संख्या: ...........

१३. उत्पादित वस्तुको बजार:

१४. अपेक्षित वार्षिक प्रतिफल:

**व्यवसायी फार्म सञ्चालकको तर्फबाट सही गर्नेको:**

नाम:

पद:

दस्तखत:

मिति:

आठाको छाप: दाँया वाँया

अनुसूची-४

(दफा ९ सँग सम्बन्धित)

**गाई प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि संक्षिप्त व्यावसायीक कार्ययोजना छनौट गर्दा अपनाईने मुल्याङ्कनका आधारहरु**

| क्र. सं. | द. नं. | आवेदक को नाम | ठेगाना | प्रस्तावित कार्य योजना (२५) | व्यवसायको सम्भाव्यता/ उपयुक्ता (१५) | शैक्षिक योग्यता/अनुभव/तालिम (१५) | घाँस विकास गरेको वा गरिने जग्गाको क्षेत्रफल (२५) | जैविक तथा पर्यावरणीय सुरक्षा विधि (१०) | विदेशबाट फर्केका कृषक/ विपन्न सदस्य (१०) | कुल प्राप्ताङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूची-५(क)

## (दफा ११ उपदफा (१) सँग सम्बन्धित)

## सम्झौता-पत्र

आ.ब..........को स्वीकृत लक्षित ........ कार्यक्रम सञ्चालन गर्न कार्यलयले (यस भन्दा पछाडि प्रथम पक्ष भनिने) विशिष्टताको आधारमा छनौट भएका युवा कृषक श्री/सुश्री/श्रीमती ....................... (यस भन्दा पछाडि दोश्रो पक्ष भनिने) बिच तपसिलका शर्तनामाहरु गरी/गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ।

**शर्तनामाहरुः**

१. प्रथम पक्षद्वारा दोश्रो पक्षलाई व्यवसाय सञ्चालनको लागि कार्ययोजना अनुसार बढीमा दुई किस्तामा चेकद्धारा अनुदान रकम उपलब्ध गराइने छ। किस्ता बापत रकम प्राप्त गर्न कम्तिमा सम्पूर्ण कार्यक्रमको पचास प्रतिशत कार्य सम्पन्न भएको हुनु पर्नेछ ।

२. प्रथम पक्षबाट दिईने कुल अनुदान रकमको तीन प्रतिशत कन्टेन्जेन्सी वापत कट्टा गरिने छ। साथै उक्त रकम अनुगमन, प्रतिवेदन तयारी, बैठक खर्च तथा अन्य प्रशासनिक कार्यको लागि प्रथम पक्षले खर्च गर्ने छ ।

३. दोश्रो पक्षले प्रथम पक्षबाट आवश्यक प्राविधिक जानकारी प्राप्त गरी आवेदन गरे अनुसारको व्यवसाय सञ्चालन गर्नेछ ।

४. प्रथम पक्षले नियमित रुपमा व्यवसाय सञ्चालन गरे/नगरेको अनुगमन गर्ने छ ।

५. गाईपालन गर्ने व्यावसायीक कृषकहरुले आफ्नो व्यवसाय (गाई)को विमा अनिवार्य गर्नु पर्नेछ।

६. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपदमा पहिलो पक्ष जिम्मेबार हुने छैन ।

७. यस सम्झौतामा उल्लेखित भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानून बमोजिम हुनेछ ।

| दोश्रो पक्षः | प्रथम पक्षः |
|---|---|
| सम्झौता गर्नेको तर्फबाटः | कार्यलयको तर्फबाटः |
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| सम्पर्क/फोन नं. : | सम्पर्क/फोन नं. : |
| संस्थाको छापः | कार्यलयको छापः |
| औठाको छापः | |
| दायाँ बायाँ | |

अनुसूची-५(ख)

**(दफा ११ उपदफा (१) सँग सम्बन्धित)**

आ.ब. ............... को स्वीकृत युवा लक्षित कार्यक्रम सञ्चालन गर्नको लागि मिति ........... को सम्बन्धित जिल्लाका स्थानिय पत्र पत्रिका वा रेडियो वा राष्ट्रिय दैनिक पत्रिका ........... मा प्रकाशित सूचना मुताविक पेश हुन आएका संक्षिप्त व्यावसायीक कार्ययोजनाहरु मध्ये मिति ............ मा बसेको छनौट समितिको बैठकबाट श्री .......................... को संक्षिप्त व्यावसायीक कार्ययोजना छनौट भएको हुँदा कार्यालय (यस भन्दा पछाडि प्रथम पक्ष भनिने) र श्री .......................... (यस भन्दा पछाडि दोश्रो पक्ष भनिने) बिच तपसिल अनुसारका शर्तहरु पालना गरी कार्यक्रम सञ्चालनका लागि द्धिपक्षिय सम्झौता गरी बुझिलियौं/दियौं ।

**तपसिलः**

१. प्रस्तावित ....................... कार्यक्रम जिल्ला .......... पालिका ....... वडा नं. .......... टोलको ........... भन्ने ठाउँमा मिति ................. सम्ममा सम्पन्न गरिनेछ ।

२. प्रथम पक्षले शुरुमा कार्यक्रम संचालानार्थ स्वीकृत कार्यक्रम अनुसार स्वलगानी पचास प्रतिशत कार्य सम्पन्न गरे पश्चात पहिलो किस्ता बापतको पचास प्रतिशत रकम भुक्तानीको लागि बील भरपाई पेश गर्नु पर्नेछ र सो अनुसार मनासिव ठहरेमा प्रथम पक्षले दोश्रो पक्षलाई पहिलो किस्ता बापतको रकम भुक्तानी दिनेछ र दोश्रो किस्ता वापतको बाँकी पचास प्रतिशत रकम कार्य सम्पन्न पश्चात भुक्तानी दिइनेछ वा कार्य सम्पन्न भए पश्चात आवश्यक कागजातहरु पेश गरी एकमुष्ठ भुक्तानी दिन सक्नेछ ।

३. प्रस्तावित कार्यक्रम स्थल सम्झौता मुताविकको भन्दा अन्यत्र सारिने छैन तथापि कावु बाहिरको अवस्थामा स्थानान्तरण गर्नु परेमा प्रथम पक्षको लिखित स्वीकृती अनिवार्य रुपमा लिनु पर्नेछ ।

४. प्रस्तावित कार्यक्रम सञ्चालन गरिएको थलोमा ठेगाना तथा सहयोगी निकायको नाम उल्लेखित बोर्ड राख्ने कार्य दोश्रो पक्षले अनिवार्य गर्नेछ ।

५. दोश्रो पक्षले नियमित रुपमा मासिक प्रगति विवरण लगायत अन्य तथ्याङ्कहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

६. सम्झौता मुताविकको कार्य नभएमा वा उपलब्ध श्रोतको दुरुपयोग भएको पाइएमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फी रुपमा सम्झौता भंग गरी दोश्रो पक्षबाट दुरुपयोग भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ ।

७. प्रथम पक्षको तर्फबाट गरिने कार्यक्रमको निरिक्षण/अनुगमन/तालिम/भ्रमणमा सहयोग गर्नु दोश्रो पक्षको दायित्व हुनेछ ।

८. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित नियम कानून र दुबै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

९. अनुदानमा खरिद गरिएको गाई र जन्मेका बाच्छी दुई वर्ष सम्म बेच्न पाईने छैन ।

<u>दोश्रो पक्षको तर्फबाटः</u>

हस्ताक्षरः ......................

नामः

पदः

फार्म/समुहको छापः

<u>प्रथम पक्षको तर्फबाटः</u>

हस्ताक्षरः ...................

नामः

पदः

कार्यलयको छापः

<u>साक्षीः</u>

हस्ताक्षरः .................

नामः

पदः

ठेगानाः

<u>साक्षीः</u>

हस्ताक्षरः ...................

नामः

पदः

ठेगानाः

इति सम्वत् ..........साल...............महिना...........गते.........रोज.......शुभम् ।